मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १५२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख ७ गते शुक्रवार (Friday, 19 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## कोशी प्रदेशसभा बैठकमा संकल्प प्रस्ताव पेश

**विराटनगर, वैशाख ६।** कोशी प्रदेशसभाको विहीवारको बैठकमा सङ्कल्प प्रस्ताव पेश गरिएको छ । प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले सो प्रस्ताव पेश गरेका हुन् ।

प्रस्ताव पेश गर्दै उनले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले मुख्यमन्त्री केदार कार्कीलाई दिएको विश्वासको मत गत चैत २६ गते फिर्ता लिइसकेको अवस्थामा उनी अल्पमतमा परेकाले राजीनामा दिइ मार्ग प्रशस्त गर्न आग्रह गरे । प्रमुख सचेतक भण्डारीले भने -अल्पमतमा परेपछि शासन गर्ने अधिकार रहँदैन ।

प्रदेशसभा सदस्यद्वय गणेश उप्रेती र किशोरचन्द्र दुलालले प्रस्तावमा समर्थन जनाउँदै माओवादी केन्द्रको समर्थनबाट मुख्यमन्त्री पदमा निर्वाचित कार्कीले सोही दलले विश्वासको मत फिर्ता लिइसकेपछि राजीनामा दिएर मार्गप्रशस्त गर्नु पर्ने बताए । प्रदेशसभामा यो पहिलोपटक सङ्कल्प प्रस्ताव प्रस्तुत भएको हो । प्रदेशसभाको बैठकमा सत्ता पक्षमा भन्दा बिपक्षमा बस्ने सांसदको संख्या दोब्बरभन्दा बढी थियो । प्रदेशसभामा एमालेका ३९, माओवादीका १३, राप्रपाका ५ र जसपाको १ गरी ५८ सांसद विपक्षी बेञ्चमा बसेका थिए । विहीवार बैठक शुरु हुँदा बिपक्षका ६ सांसद भने अनुपस्थित थिए । ९३ सदस्यीय प्रदेशसभामा कांग्रेसका २९ र नेकपा (एकीकृत समाजवादी)का ४ सांसद रहेका दुई दल मात्रै

*(बाँकी अन्तिम पृष्ठमा)*

# सामुदायिक विद्यालयमा सहयोग शुल्क उठाउन नपाइने

**झापा, वैशाख ६।** दमक नगरपालिकाले सामुदायिक विद्यालयलाई कुनै पनि वहानामा विद्यार्थीसँग सहयोग शुल्क नलिन निर्देशन दिएको छ । दमक नगरभित्र २७ वटा सामुदायिक विद्यालयहरू छन् । नगरपालिकाको निर्देशनसँगै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीले यो शैक्षिक सत्रदेखि सहयोग शुल्क बुझउनु नपर्ने भएको हो ।

नगरपालिकाको निर्देशनसँगै अब आधारभूत तह अर्थात् कक्षा ५ सम्मका सामुदायिक विद्यालयका विद्यार्थीहरूले कुनैपनि शीर्षकमा रकम बुझाउनु पर्दैन । निःशुल्क शिक्षा भनिए पनि अभिभावक सहयोग शुल्क, फारम शुल्क लगायतका विभिन्न शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णय भन्दै शुल्क उठाउने कार्य हुँदै आएको थियो ।

नयाँ शैक्षिक सत्र शुरु भएसँगै नगरपालिकाले नगरका सबै सामुदायिक विद्यालयहरूलाई परिपत्र गर्दै विद्यार्थीबाट एक रुपैयाँ पनि नलिन निर्देशन दिएको छ । विद्यार्थीको सङ्ख्याको आधारमा नगरपालिकाले



रकम प्रदान गर्ने नगर प्रमुख रामकुमार थापाले बताएका छन् । निजी श्रोतका शिक्षकका लागि तलब खुवाउन, अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउन भन्दै विद्यालयहरूले शुल्क उठाउँदै आएका थिए ।

संविधानमा माध्यमिक तहसम्म सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा भने पनि यसको कार्यान्वयनमा समस्या भएकाले आफूहरूले शुरुवातमा कक्षा ५ सम्म यस्तो व्यवस्था गरेको र आगामी शैक्षिक सत्रमा थप बजेट विनियोजन गरेर अघि बढ्ने योजना रहेको नगर प्रमुख थापाले बताए ।

दमकमा नाम चलेका हिमालय, सरस्वती , ढुकुरपानी माध्यमिक विद्यालय लगायत अधिकांश विद्यालयहरूले व्यवस्थापन समितिको निर्णय अनुसार भन्दै विद्यार्थीहरूसँगै मासिक रूपमा नै पैसा उठाउँदै आएका थिए । कक्षा ५ भन्दा माथि अहिले पनि उनीहरूले सहयोग शुल्क भन्दै विद्यार्थीबाट रकम उठाउँदै आएका छन् ।

नगर शिक्षा परिषद् र नगर कार्यपालिकाबाट निर्णय गरेर यो व्यवस्था गरिएको बताइएको छ । विद्यालयहरूले नगरपालिकाको परिपत्र र निर्देशन विपरीत शुल्क उठाएमा त्यस्ता विद्यालयहरूलाई कारबाही गरिने पनि थापाले चेतावनी दिए ।

## शहीद सुरज विश्वासको १८ औं स्मृति दिवस



**भद्रपुर, वैशाख ६।** २०६२-०६३ को दोस्रो जनआन्दोलनको क्रममा शाही सेनाको गोली लागेर सहादत प्राप्त गरेका शहीद सुरज विश्वासको १८ औं स्मृति दिवस बुधबार मनाइएको छ ।

शहीद सुरज विश्वास स्मृति शालिक निर्माण समितिले भद्रपुर-६ स्थित शहीद स्मृति पार्कमा श्रद्धाञ्जली सभा आयोजना गरी दिवस मनाएको हो । शहीद सुरजको अर्धकदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली सभा सम्पन्न गरिएको हो ।

शालिक निर्माण समितिका अध्यक्ष गोपाल मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै बक्ताहरूले विभिन्न जनक्रान्तिमा देशका लागि बलिदान दिएका शहीद, बेपत्ता र घाइतेहरूको योगदानलाई राज्यले भुल्न नहुनेमा जोड दिए । दोस्रो जनआन्दोलनकै कारण राजतन्त्र ढलेर देशमा गणतन्त्र र लोकतन्त्र स्थापना भएको उनीहरूले बताए ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका कोशी प्रदेश

*(बाँकी अन्तिम पृष्ठमा)*

**बुद्धशान्ति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बुधवारे, झापा (कोशी प्रदेश, नेपाल)**
**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

**नक्सा पासका लागि सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

*यो जो सँग सम्बन्धित छ :* *मिति : २०८१।०१।०६*

यस गा.पा. वडा नं. ३ बस्ने श्री/सुश्री/श्रीमती... बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा दर्ता कायम रहेको साविक बुधवारे गाविस-९ हाल बुद्धशान्ति -३ स्थित ....... टोल ... मार्गमा पर्ने कि.नं. १५९० र ७७०० ज.वि. ०-१०-० क्षे. मा तपशिलमा उल्लेख भए बमोजिमको नक्सा पास गर्न स्वीकृतिको लागि पेश भएकोमा मिति २०८१।०१।०६ मा नक्सा पासका लागि सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जाँदा तपशिलमा भएका सँधियारहरु नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध सँधियार, बाटो, नदीनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नक्सा पास भई जाने व्यहोरा अनुरोध छ ।

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनी सँधियार |
|---|---|---|---|
| १ | साविक बुधवारे-९ हाल बुद्धशान्ति-३ कि.नं. १५९० क्षेत्रफल : ०-१०-० | चौडाई ३०.३४ मि लम्बाई : ३०.३४ मि क्षेत्रफल ७९५.८३ ब.मि. | दक्षिण अम्बर नाथ श्रेष्ठ (कि.नं. १६१७) |




## TEACHER WANTED

**Balmiki Education Foundation** is hiring a passionate and dedicated teachers for the following post:

| Subjects | level | Qualification and Experiences |
|---|---|---|
| Trained Teacher | Pre- Primary- ( 4 ) | Well trained with atleast 2 Years of experience in the field. |
| Maths | Primary -( 2 ) | Bachelor's degree with 2 years of experience in the field. |
| Incharge | Secondary/Lower Secondary -( 1 ) | Bachelor's degree with 2 years of experience in the field. |
| Hostel warden (Male) | ------ ( 1 ) | Bachelor's degree with 2 years of experience in relevant post. |

– Qualified and experience candidate with good command over spoken and written English are encourage to apply for an immediate appointment. Candidates can sent application and CV through mail at **balmikioffice@gmail.com** or can drop application at reception within 10th of Baishak 2081 .
– Only the short listed candidates will be called for the interview.
– Contact Number: 9824069471 (For location only)






# बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा युवा तथा खेलकुद शाखा बिर्तामोड झापा**
**कोशी प्रदेश, नेपाल**

## सूचना ! सूचना !! सूचना !!

मिति : २०८१।०१।०६

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिका अन्तर्गत बालविकास कक्षा/पूर्व प्रथामिक कक्षादेखि कक्षा १२ सम्म अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सञ्चालित कक्षासहित तपसिल अनुसार विवरण प्रकाशन गरिएको छ । सम्पूर्ण विद्यालयहरु तथा अभिभावकज्यूहरुले यो सूचनामा उल्लेखित विद्यालय तथा कक्षाहरुमा विद्यार्थी भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ । सूचनामा उल्लेखित विद्यालय तथा कक्षाहरुमा भन्दा अन्य अनुमति/ स्वीकृति नपाएका विद्यालय/कक्षाहरुमा विद्यार्थी भर्ना गरे गराएमा सम्बन्धित विद्यालयलाई कानूनी कारबाही हुने तथा विद्यार्थी अभिलेखिकरणसमेत नहुने भएकोले सो को जिम्मेवारी सम्वन्धित विद्यालय एवम् अभिभावक नै हुनुपर्ने कुरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेख भएका विद्यालय / कक्षाभन्दा बाहेकका विद्यालय /कक्षामा विद्यार्थी भर्ना गरी पठनपाठन गराएको पाइएमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराइ सहयोग गर्नु हुनसमेत अनुरोध छ ।

संस्थागत विद्यालयहरुको **नाम,ठेगाना तथा सञ्चालित कक्षा**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्तकक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्तकक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल संसार प्रि स्कूल | १ | पूर्व प्रा. | २७ | अवाकस वोर्डिङ स्कूल | ४ | पूर्वप्रा - १२ |
| २ | किड्स ग्यालेक्सीमन्टेश्वरी | १ | पूर्व प्रा. | २८ | ग्रिनउड स्कुल | ४ | पूर्वप्रा - ४ |
| ३ | होली किड्स मन्टेश्वरी | १ | पूर्व प्रा. | २९ | किडस् जोन मन्टेश्वरी | ५ | पूर्व प्रा. |
| ४ | बुद्ध स्मृति एजुकेशन फाउण्डेशन | १ | पूर्वप्रा - १० | ३० | अर्जुनधारा एकेडेमी | ५ | पूर्व प्रा. |
| ५ | क्रिएटिभ आइडियल एकाडेमी | १ | पूर्वप्रा - ८ | ३१ | सनसाइन किन्डर हाउस | ५ | पूर्व प्रा. |
| ६ | वाल्मिकी एजुकेशन फाउण्डेशन | १ | पूर्व प्रा - १२ | ३२ | टाइनी स्कॉलर प्रिस्कूल | ५ | पूर्व प्रा. |
| ७ | हर्टिनेस्ट मन्टेश्वरी स्कुल | १ | पूर्व प्रा. | ३३ | डिजनी प्ले स्कुल | ५ | पूर्वप्रा - ६ |
| ८ | चिल्ड्रेन इन्भारोमेन्ट स्कुल | १ | पूर्वप्रा - १० | ३४ | वेवीलेण्ड अंग्रेजी स्कुल | ५ | पूर्वप्रा - ३ |
| ९ | ग्रिनफिल्ड वल्ड स्मार्ट स्कुल | १ | पूर्वप्रा - ११ | ३५ | हेप्पी किड्स एजुकेशन फाउण्डेशन | ५ | पूर्वप्रा - ४ |
| १० | हिमरेश एजुकेशन एकाडेमी | १ | पूर्वप्रा - ५ | ३६ | न्युटन्स एजुकेशन एकेडेमी | ५ | पूर्व प्रा - १२ |
| ११ | मनकामना अंग्रेजी मा.वि. | १ | पूर्वप्रा - १२ | ३७ | कमनर्स होम्स फर एजुकेशन | ५ | पूर्व प्रा - १२ |
| १२ | प्राग्ना एजुकेशन फाउण्डेशन | १ | कक्षा१-५ | ३८ | टावर टेम्पल स्कूल | ५ | पूर्वप्रा - १२ |
| १३ | सहारा साकोस शिक्षा सदन | २ | पूर्वप्रा - ७ | ३९ | कन्काइ वोर्डङ इ. हाइ स्कूल | ५ | पूर्वप्रा - १२ |
| १४ | एसेन्ट एकाडेमी | २ | पूर्वप्रा - १२ | ४० | एमिटी सेकेण्डरी स्कुल | ५ | पूर्वप्रा - १२ |
| १५ | मंगलदीप एलाइड अंग्रेजी स्कुल | २ | पूर्वप्रा - ५ | ४१ | अनारमनी लिवर्टी स्कूल | ५ | पूर्वप्रा - १२ |
| १६ | निदि मा.वि. | २ | पूर्व प्रा - १२ | ४२ | कावेली इ. सेकेण्डरी स्कूल | ५ | पूर्वप्रा - १० |
| १७ | देवकुल इ. सेकेण्डरी स्कूल | २ | पूर्वप्रा - १२ | ४३ | लिटल एन्जल्स इ. स्कुल | ५ | पूर्वप्रा - १० |
| १८ | वाल कल्याण वो.से. स्कूल | २ | पूर्वप्रा - १० | ४४ | सगरमाथा आवासीय मा.वि. | ५ | कक्षा१-१० |
| १९ | लिङ्कन मन्टेश्वरी | ३ | पूर्व प्रा. | ४५ | सुनगाभा अं. स्कुल | ५ | पूर्वप्रा - ८ |
| २० | युरोकिड्स प्रि. स्कूल | ३ | पूर्व प्रा. | ४६ | मिडिल पइन्ट इ. स्कुल | ५ | पूर्वप्रा - ८ |
| २१ | लोटस प्रि स्कूल | ४ | पूर्व प्रा. | ४७ | ब्लुवेल एकेडेमी | ५ | पूर्वप्रा - ६ |
| २२ | इन्भेन्चर किन्डर हाउस | ३ | पूर्व प्रा. | ४८ | बिर्ता एजुकेशन फाउण्डेशन | ५ | पूर्वप्रा - ३ |
| २३ | विराटज्योती इ. वोर्डिङ से. स्कूल | ३ | पूर्वप्रा - १२ | ४९ | रुद्र मेमोरियल सेकेण्डरी स्कूल | ५ | पूर्व प्रा - १२ |
| २४ | नवोदय शिक्षा सदन | ३ | कक्षा१-१० | ५० | सरस्वती एन्जल्स इ. स्कुल | ६ | पूर्वप्रा - १० |
| २५ | माइभ्याली बोर्डिङ्ग स्कुल | ३ | पूर्वप्रा - ८ | ५१ | एभरेष्ट स्मार्ट एजुकेशन एकाडेमी | ६ | पूर्वप्रा - १० |
| २६ | नवोदय फनमिन इ. स्कुल | ३ | पूर्वप्रा - १० | ५२ | वेस्ट फ्युचर स्कूल | ६ | कक्षा१ - ४ |

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्तकक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्तकक्षा |
|---|---|---|---|---|---|---|---|
| ५३ | ब्रुकलिन मन्टेश्वरी | ४ | पूर्व प्रा. | ६७ | तक्षाशीला एजुकेशन फाउण्डेशन | ६ | कक्षा१ - ८ |
| ५४ | पाथीभरा चाइल्ड केयर | ४ | पूर्व प्रा. | ६८ | तक्षशीला प्रोग्रेसिव इ. स्कूल | ६ | पूर्वप्रा - १० |
| ५५ | टाइनिटट्स मन्टेश्वरी | ४ | पूर्व प्रा. | ६९ | कन्चन इ. वोर्डिङ स्कुल | ७ | पूर्वप्रा - १० |
| ५६ | ब्लुमिङ बड्समन्टेश्वरी | ४ | पूर्व प्रा. | ७० | वेल्स मोडेल स्कुल | ७ | पूर्वप्रा - ११ |
| ५७ | मारिया मन्टेश्वरी | ४ | पूर्व प्रा. | ७१ | ओम विद्या मन्दिर | ८ | पूर्व प्रा. |
| ५८ | किन्डरहाउस प्रि स्कूल एण्ड डै केयर सेन्टर | ४ | पूर्व प्रा. | ७२ | ब्राइटफ्यूचरमन्टेश्वरी | ८ | पूर्व प्रा. |
| ५९ | किन्डरबेल प्ले स्कूल | ४ | पूर्व प्रा. | ७३ | सेन्ट मारीया प्रिस्कूल | ८ | पूर्व प्रा. |
| ६० | फोनिक मन्टेश्वरी | ४ | पूर्व प्रा. | ७४ | सेन्ट जेवियर्स स्कुल, देउनिया | ८ | कक्षा१ - १२ |
| ६१ | इडन गार्डेन एजुकेशन फाउण्डेशन | ४ | पूर्वप्रा - ११ | ७५ | प्रशान्ती एजुकेशन फाउण्डेशन | ८ | पूर्वप्रा - १० |
| ६२ | अवाकस् अं. वोर्डिङ स्कुल | ४ | पूर्वप्रा - ८ | ७६ | लालिगुराँस ई. स्कुल | ८ | पूर्वप्रा - १० |
| ६३ | कन्चनजङ्घा इ. से स्कुल | ४ | पूर्व प्रा - १२ | ७७ | सनराइज एजुकेशन फाउण्डेशन | ८ | पूर्वप्रा - ५ |
| ६४ | गोमेन्द्र विर्तामेडल अंग्रेजी मा.वि. | ४ | पूर्वप्रा - १२ | ७८ | सिद्धार्थ शिक्षा सदन इ. स्कूल | १० | पूर्वप्रा - ८ |
| ६५ | लिटल फ्लावर्स इ. स्कुल | ४ | पूर्वप्रा - १२ | ७९ | विष्णु भगवती अंग्रेजी वोर्डिङ स्कुल | १० | पूर्वप्रा - ८ |
| ६६ | ग्लोरी इङ्लीस वोर्डिङ स्कुल | ४ | पूर्वप्रा - १० | ८० | विराट अर्जुन इ.स्कुल | १० | पूर्वप्रा - ५ |

**सामुदायिक विद्यालयहरुको नाम,ठेगाना तथा सञ्चालित कक्षा**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति/ स्वीकृतिप्राप्त कक्षा | क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति/ स्वीकृतिप्राप्त कक्षा |
|---|---|---|---|---|---|---|---|
| १ | देवीमा.वि. | ५ | वालविकास - १२ | ११ | शुक्रराजआ.वि. | ८ | वालविकास - ८ |
| २ | महेन्द्ररत्नमा.वि. | ३ | वालविकास - १२ | १२ | विराट आ.वि. | १० | वालविकास - ८ |
| ३ | दुर्गा मा.वि. | ९ | वालविकास - १२ | १३ | लक्ष्मीआ.वि. | ७ | वालविकास - ८ |
| ४ | विर अमरसिंह मा.वि | २ | वालविकास - १२ | १४ | जनताप्रा.वि. | ७ | वालविकास - ५ |
| ५ | महेन्द्रज्योतीमा.वि. | १० | वालविकास - १२ | १५ | अनारमनीआ.वि. | ४ | वालविकास - ८ |
| ६ | साङ्गवेद संस्कृत मा.वि. | २ | कक्षा ४- १२ | १६ | लक्ष्मी नारायण प्रा.वि. | १० | वालविकास - ५ |
| ७ | मोहनमायामा.वि. | २ | वालविकास - १२ | १७ | शहिदलक्ष्मीप्रा.वि. | ९ | वालविकास - ५ |
| ८ | पञ्चरत्नमा.वि. | २ | वालविकास - १० | १८ | चमरधापप्रा.वि. | १० | वालविकास - ३ |
| ९ | सरस्वतीमा.वि. | ६ | वालविकास - १२ | १९ | हरिहर आश्रम | ६ | कक्षा १ - ५ |
| १० | देवकोटा आ.वि. | ९ | वालविकास - ८ | २० | मदरसातालिमुल कुरान | ३ | वालविकास - ६ |

# प्रहरी हुँ भन्दै लुटपाट गर्दा –

**बिर्तामोड, वैशाख ६।** प्रहरी हुँ भन्दै लुटपाट गरेको आरोपमा काठमाडौंमा दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा काभ्रेको तेमाल गाउँपालिका-७ घर भएका सन्देश तामाङ र काभ्रेकै रोशी गाउँपालिका-३ का ३१ वर्षीय हिरालाल तामाङ छन् । उनीहरुलाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्राउ गरेको हो ।

चैत २ गते बिहान १० बजेतिर काठमाडौंको गोकर्णेश्वर नगरपालिका-५ यज्ञमार्टको क्याफेमा चिया खाइरहेका व्यक्तिलाई उनीहरुले लुटपाट गरेको परिसरका प्रवक्ता तथा एसपी नवराज अधिकारीले बताए ।

चिया पिइरहेका सप्तरीका विजय गोइतलाई उनीहरुले आफूहरु प्रहरी हो बताउँदै लुटपाट गरेको आरोप छ । गोइतलाई सुनको अवैध कारोबार गरेको भन्दै धम्क्याएर जाँच गर्ने निहुँमा ४० हजार नगद र उनको कोठाबाट सुनको औठी र बिल समेत लुटेको आरोप छ ।

## शहीद....

सदस्य तथा पूर्व प्रदेश सांसद वसन्त बानिया, भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, एमालेका जिल्ला सदस्य कालीचरण बस्नेत लगायतले मन्तव्य राखेका थिए । सोही कार्यक्रममा शहीद माता मीना विश्वासलाईसमेत सम्मान गरिएको थियो । स्वागत मन्तव्य सन्ध्या हाडाले राखेको कार्यक्रमको सञ्चालन वडा सदस्य प्रकाश शर्माले गरेका थिए ।

त्यस्तै चन्द्रगढी विमानस्थलमा सङ्गठित यातायात व्यवसायीको चन्दगढी यातायात प्रालिले शहीद सुरज विश्वासको स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । आजकै दिन दोस्रो जनआन्दोलन भएको थियो । झापाको सदरमुकाम भद्रपुर घेराउ गर्दै हजारौं प्रदर्शनकारी सडकमा उत्रिएका थिए । सोही क्रममा सेनाले प्रदर्शनकारीमाथि गोली चलाएको थियो । सेनाको गोली लागेर झापाका सुरज विश्वास र राजन गिरीको निधन भएको थियो । सेना र प्रहरीको दमनमा परी सयौं झापाली घाइते समेत भएका थिए ।

## कोशी ...

सत्ता पक्षको बेञ्चमा बसेका थिए । प्रदेशसभाको बिहीवार बैठकमा भने सत्तापक्षमा २४ जना सांसद मात्रै उपस्थित थिए । बिपक्षमा भने ५२ जनाको उपस्थिति रहेको थियो । प्रदेशसभाको बैठकमा सत्ता पक्षका ९ र विपक्षका ६ सांसद अनुपस्थित भएका थिए । यता प्रदेशसभाको अर्को बैठक आज शुक्रवार विहान ११ बजे बस्ने सभामुख अम्बरबहादुर विष्टले जानकारी दिए ।

# भावपूर्ण श्रद्धाञ्जली / समवेदना



**स्व. मालादेवी सापकोटा अधिकारी**
**जन्म : २०३६।०६।१२**
**निधन : २०८१।०१।०१**

कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान,
बिर्तामोड नगर समितिका सचिव तथा अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि.का कार्यकारी निर्देशक र देवशान्ति टोल विकास संस्थाका अध्यक्ष, सामाजिक व्यक्तित्व गोकुलप्रसाद अधिकारीकी श्रीमती **मालादेवी सापकोटा अधिकारी**को यही मिति २०८१/०१/०१ गते साँझ ७:१० बजे भएको अकल्पनीय चिरवियोग तथा महाप्रस्थानको संवेदनशील क्षणमा सहज बैकुण्ठबासको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

गोकुलप्रसाद अधिकारीकी परम्प्रिय श्रीमती र छोरा अभिषेकप्रताप र छोरी अस्मिता अधिकारीकी ममतामयी मातासँगको वियोगको कष्टपूर्ण क्षणमा रहनु भएका अन्य सम्पूर्ण परिवारजनमा शोक सहन गर्न सक्ने क्षमता कूलदेवी विन्धबासिनी माताले प्रदान गरुन् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं ।

## कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान

बिर्तामोड नगर समिति परिवार बिर्तामोड नगरपालिका, झापा / जिल्ला कार्यसमिति परिवार झापा / केन्द्रिय कार्यसमिति परिवार कोटीहोम झापा नेपाल

# कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/०७ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले दमक शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री पूर्व नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. ।**
**रजिष्टर्ड ठेगाना : तोपगाछी -०८, झापा । हालको ठेगाना : कमल -२, झापा । दर्ता नं: ३/१/७/१८३**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : प्रेम सापकोटा (अध्यक्ष जमानीकर्ता)**
बाबु : गंगा प्रसाद सापकोटा
बाजे : जय नारायण सापकोटा
ना प्र नं. : ५५६२, झापा
ठेगाना : तोपगाछी- ९, झापा (साविक), गौरादह - १, झापा (हाल)

**२) नाम : याम बहादुर कट्टेल (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : शुदर्शन कट्टेल
बाजे : खड्ग बहादुर कट्टेल
ना.प्र.नं : १३६२, झापा
ठेगाना : तोपगाछी- ८ , झापा (साविक),कमल - २ , झापा (हाल)

**३) नाम : दिपेन्द्र अधिकारी (सचिव जमानीकर्ता)**
बाबु : चिरन्जीवी अधिकारी बाजे : दयानाथ अधिकारी
ना.प्र.नं : ५२००४/२१०४, ताप्लेजुङ
ठेगाना : थेचम्बु- ४, ताप्लेजुङ (साविक), कन्काई -१, झापा (हाल)

**४) नाम : गणेश ढकाल (संचालक जमानीकर्ता)**
बाबु : हरि प्रसाद ढकाल
बाजे : भवानी प्रसाद ढकाल
ना.प्र.नं : ९७७३५६३, झापा
ठेगाना : कमल -१ , झापा

**५) नाम : सिताराम ढकाल (संचालक जमानीकर्ता)**
बाबु : चन्द्र प्रसाद ढकाल
बाजे : कुल प्रसाद ढकाल
ना.प्र.नं : ०४५७०४७८५०, झापा
ठेगाना : महाभारा - ९, झापा (साविक), गौरगिञ्ज - ६ , झापा (हाल)

**६) नाम : मोहन कुमार श्रेष्ठ (संचालक जमानीकर्ता)**
बाबु : खड्ग बहादुर श्रेष्ठ
बाजे : चतुरमान श्रेष्ठ
ना.प्र.नं : ९७७३३४४, झापा
ठेगाना : धरमपुर- ७, झापा (साविक), दमक - ५ , झापा (हाल)

**७) नाम : कमला पाण्डे (संचालक जमानीकर्ता)**
बाबु : कृष्ण कुमार पाण्डे
पति : हरिन्द्र लाल पाण्डे
ना.प्र.नं : ४२३१२०८६, झापा
ठेगाना : जुरोपानी-१, झापा (साविक), गौरादह ८ , झापा (हाल)

**८) नाम : टिका थापा (संचालक जमानीकर्ता)**
बाबु : मान बहादुर थापा
पति : डिल्लीराम थापा
ना.प्र.नं : ६९७१३०४७ , झापा
ठेगाना : बैगुनधुरा-८ , झापा (साविक) शिवसताक्षी ११ , झापा (हाल)

**९) नाम : प्रतिभा निरौला न्यौपाने (संचालक जमानीकर्ता)**
बाबु : देवराज निरौला
पति : यामकान्त न्यौपान
ना.प्र.नं : ९७७३२०७९ , झापा
ठेगाना : तोपगाछी-८ , झापा (साविक), कमल -२ , झापा (हाल)

**१०) नाम : यशोदा भण्डारी (संचालक जमानीकर्ता)**
बाबु : शिव प्रसाद घिमिरे
पति : उमानाथ भण्डारी
ना.प्र.नं : ९७७३१८१५४, झापा
ठेगाना : तोपगाछी-७, झापा (साविक), कमल -३ , झापा (हाल)

**११) नाम : बद्री निरौला (संचालक जमानीकर्ता)**
बाबु : तारानाथ निरौला
बाजे : त्रिलोचन निरौला
ना.प्र.नं : ०५३१२७४, झापा
ठेगाना : वाहुनडाँगी -६ , झापा (साविक), मेचीनगर -२ , झापा (हाल)

**१२) नाम : चन्द्रकला ढकाल (कार्यकारी प्रमुख जमानीकर्ता)**
बाबु : हरि प्रसाद ढकाल
बाजे : भवानी प्रसाद ढकाल
ना.प्र.नं : ९७७३/२१९, झापा
ठेगाना : कमल-१ , झापा (साविक) कमल-२ , झापा (हाल)

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री लिला नाथ वरालको नाति श्री टंक नाथ वरालको छोरा झापा जिल्ला कन्काई न.पा वडा नं. ३ बस्ने श्री अशोक बराल को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ९ को कित्ता नं.५६४५, ६४३४ र ५६४४ को क्षेत्रफल क्रमश ०-४-०-०, ०-२-१९-० र ०-१९-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री बद्री निरौलाको पत्नी श्री शिव कुमार भट्टराईको छोरी झापा जिल्ला मेचीनगर न.पा वडा नं. २ बस्ने श्री अप्सरा भट्टराईको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला नकलबन्दा गा.वि.स. वडा नं. ८ को कित्ता नं.१९८८ को क्षेत्रफल ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री महेश्वर रिजालको नाति श्री कृष्ण रिजालको छोरा इलाम जिल्ला चिसापानी गा.वि.स. वडा नं. ६ बस्ने श्री कृष्ण प्रसाद रिजालको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला बुधवारे गा.वि.स. वडा नं. २ को कित्ता नं. ५१८१ को क्षेत्रफल क्रमश २-०-१६-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री त्रिलोचन निरौलाको नाति श्री तारानाथ निरौलाको छोरा झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ६ बस्ने श्री बद्री निरौलाको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ६ को कित्ता नं. ४५२४ र २२५६ को क्षेत्रफल क्रमश ०-१५-१४-० र १-५-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री पूर्व नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ५ को कित्ता नं. २९७१ को क्षेत्रफल ०-१९-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

## श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-०४, झापाको

# कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यवसायिक तथा घरायसी प्रयोजनका लागि लिएको कर्जाको संस्थासँग गरेको सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दस्तुर नतिरेको र सर्म्पूण कर्जाको भाकासमेत नाघी कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋण तथा जमानी सदस्यहरुलाई सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जातर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुँदा विवरणमा उल्लेखित ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नु होला। अन्यथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली, संस्थाको बिनियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी सम्पूर्ण कर्जा रकम असुलउपर प्रकृया अगाडि बढाइने ब्यहोरा जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | तीनपुस्ते बिवरण | ना. प्र. न. जारी मिति | ऋण लिएको मिति | जग्गाधनीको बिवरण | जग्गाको ठेगाना | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अनिता राजवंशी | बिर्तामोड- १ | बुबा :- हरिलाल राजवंशी<br>हजुरबुवा :- भिम लाल राजवंशी | ०४-०१-०६८-०१२८० जारी मिति :- २०६८/०९/१८ | २०८०/०३/२९ | नाम :- अनिता राजवंशी<br>बुबा :- हरिलाल राजवंशी<br>हजुरबुवा :- भिम लाल राजवंशी | साबिक चारपाने -१ | १७७१० | २२४.३२ |
| २. | सुमित्रा श्रेष्ठ | अर्जुनधारा-६ | बुवा - लेख बहादुर श्रेष्ठ<br>हजुरबुवा :- लक्ष्मी नारायण श्रेष्ठ | ८१९७९ जारी मिति :- २०६२/०९/०५ | २०७९/०३/१६ | नाम :- सुमित्रा श्रेष्ठ<br>बुवा :- लेख बहादुर श्रेष्ठ<br>हजुरबुवा :- लक्ष्मी नारायण श्रेष्ठ | साबिक नकलबन्दा-५ | १७१३ | १७७७.८ |
| ३. | अर्जुन साउदेन | बिर्तामोड- १ | बुवा :- रुपध्वज साउदेन<br>हजुरबुवा :- माहासिंह साउदेन | ३७२८०/१२८ जारी मिति :- २०४८/०३/३० | २०७५/११/२२ | नाम :- अर्जुन साउदेन<br>बुवा :- रुपध्वज साउदेन<br>हजुरबुवा :- माहासिंह साउदेन | साबिक पाराखोपी -७ | ३८९०/४१२८ | ३३८.६३/ ४२३.२८ |
| ४. | बिष्णु प्रसाद प्रसाई | बिर्तामोड- १ | बुवा :- टिका प्रसाद प्रसाई<br>हजुरबुवा :- प्रेम नारायण प्रसाई | ३२३५६५३८ जारी मिति :- २०५२/०४/०८ | २०७८/०७/३० | नाम :- बिष्णु प्रसाद प्रसाई<br>बुवा :- टिका प्रसाद प्रसाई<br>हजुरबुवा :- प्रेम नारायण प्रसाई | साबिक डाँगीबारी -७ | ९७०/९७५/९६७ | २७५९.८३/ ३०४७.६७/२६४१.२९ |
| ५. | रोशनी बिश्वकर्मा | बिर्तामोड- १ | बुवा :- धन बहादुर बिश्वकर्मा<br>बाजे :- नर बहादुर बिश्वकर्मा | ०३-१-०४०-८४८ जारी मिति :- २०६८/०४/०८ | २०७७/१०/१३ | नाम :- रोशनी बिश्वकर्मा<br>बुवा :- धन बहादुर बिश्वकर्मा<br>बाजे :- नर बहादुर बिश्वकर्मा | साबिक पाराखोपी -७ | २०५९/२०५६ | ११४.२८/३८.०९ |
| ६. | उमा कार्की | बिर्तामोड- १ | बुवा :- खेम बहादुर कार्की<br>हजुरबुवा :- रत्न बहादुर कार्की | ६४३८९७१२ जारी मिति :- २०६०/०१/०२ | २०७७/०८/०४ | नाम :- उमा कार्की<br>बुवा :- खेम बहादुर कार्की<br>हजुरबुवा :- रत्न बहादुर कार्की | साबिक ज्यामिरगढी-१ | १२१० | ८४६५.७८ |
| ७. | माया प्रसाई | बिर्तामोड- १ | बुवा :- टंकनाथ प्रसाई<br>हजुरबुवा :- रामचन्द्र प्रसाई | २०२९२ जारी मिति : २०६०/१२/१० | २०७७/१२/०३ | नाम :- माया प्रसाई<br>बुवा :- टंकनाथ प्रसाई<br>हजुरबुवा :- रामचन्द्र प्रसाई | साबिक चारपाने -१ | ९१६२ | १६०.८४० |
| ८ | बलराम रनपहेली | बिर्तामोड- १ | बुवा :- लिलाधर दर्जी<br>हजुरबुवा :- दधिराम रनपहेली | ०९-०१-७१-०३५२८ जारी मिति : २०७१/१२/१५ | २०७३/०५/०७ | नाम :- बलराम रनपहेली<br>बुवा :- लिलाधर दर्जी<br>हजुरबुवा :- दधिराम रनपहेली | साबिक चारपाने -१ | २९७७ | १०१.५९ |
| ९ | लता कुमारी श्रेष्ठ | बिर्तामोड- १ | बुवा :-टेक बहादुर श्रेष्ठ<br>हजुरबुवा :-सिद्दीमान श्रेष्ठ | ०४१०१३/७५ जारी मिति :- २०६३/१२/०१ | २०७६/०२/२४ | नाम :- लता कुमारी श्रेष्ठ<br>बुवा :- टेक बहादुर श्रेष्ठ<br>हजुरबुवा :-सिद्दीमान श्रेष्ठ | साबिक चारपाने -१ | ५९१८/५९१३ | ११४.२८/२९.६३ |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# कोशीको किचलो : मध्यावधितर्फको यात्रा

**केन्द्रको गठबन्धनमा परिवर्तन आउनासाथ शुरु भएको प्रदेश सरकारको किचलो कोशी प्रदेशमा जटिल बन्दै गएको छ । संघीय सरकारको समीकरण अनुसारको प्रदेश सरकार बनाउने खेलमा कोशी प्रदेशमा मध्यावधिको चर्चा चुलिएको छ । मुख्यमन्त्री केदार कार्कीले चार–चार वटा सरकार असफल भएपछि आफू संविधानको धारा १६८(५) अनुसार नियुक्त भएको भन्दै सरकार छाड्नुपर्ने बाध्यात्मक परिस्थिति नरहेको दाबी गरेका छन् । गत फागुन २१ गते प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीसहितको नयाँ समीकरण बनाएपछि शुरु भएको प्रदेशको किचलो बढेर गएको छ ।**

**कार्की गत असोज २७ गते नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम मुख्यमन्त्रीमा नियुक्त भएका थिए । तत्कालीन गठबन्धनको निर्णय विपरीत पार्टीबाट विद्रोह गर्दै एमालेको मुख्य समर्थनमा मुख्यमन्त्री भएका कार्कीले लगभग पूर्ण मत प्राप्त गरेका थिए । कूल एकानब्बे जना प्रदेशसभा सदस्य मध्ये छयासी जनाले कार्कीको पक्षमा मत दिएका थिए । तर, अहिले केन्द्रीय समीकरणका कारण कोशी प्रदेश सरकार जोखिममा परेको छ । विश्वासको मत दिएका एमाले, माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि कार्की नेतृत्वको सरकार अल्पमतमा परेको हो । संविधानका जानकारहरु अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले विश्वासको मत लिनुपर्ने र विश्वास नपाएको अवस्थामा मध्यावधिमा जानुको विकल्प नपरहेको बताउँछन् ।**

**मुख्यमन्त्री कार्की संसदीय दलको हैसियतमा नभएर सांसदहरुको समर्थनमा मुख्यमन्त्री भएका हुन् । त्यसैले अब सरकार गठन गर्न संविधानको अन्य कुनै धारामा फर्किने अवस्था छैन, त्यसैले विश्वासको मत नपाएको अवस्थामा मुख्यमन्त्री कार्कीको सिफारिसका आधारमा प्रदेश प्रमुखले प्रदेशसभा विघटन गरी छ महिनाभित्र ताजा जनादेशका लागि निर्वाचनको मिति तोक्नुपर्ने कानूनविदहरु तर्क गर्छन् । तर, प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेका सांसद लीलाबल्लभ अधिकारी भने तत्काल मध्यावधिको सम्भावना नरहेको दाबी गर्दै नैतिकता, संसदीय मर्यादा र संविधानको व्यवस्था अनुसार मुख्यमन्त्री कार्कीले राजीनामा दिनुपर्ने बताउँछन् । कोशी प्रदेशको यस्तो सत्ता केन्द्रित खिचातानीले संघीयताको विपक्षमा रहेका शक्तिहरुलाई बल पुऱ्याएकै छ, त्यो भन्दा पनि अस्थिरता झन् बलियो हुने देखिएको छ । यसै पनि राजनीतिमा नैतिकता, सत्य, इमान्दारिता, मूल्य–मान्यता, निष्ठा र समर्पण जस्ता अनिवार्य गुणहरु स्खलित भइरहेका छन् । यस्तोमा हुर्किएको राजनीतिक दाउपेचले राष्ट्रलाई असफलतातर्फ लगिरहेको छ । यो देश र जनताको सेवा गर्छौं भन्नेहरुका लागि राम्रो लक्षण होइन । तसर्थ, उनीहरु सुध्रिनुको विकल्प छैन ।**

## लागूऔषधसहित तीन जना पक्राउ

**सुनसरी, बैशाख ६।** सुनसरीको धरान उप-महानगरपालिका-२० स्थितबाट लागूऔषध गाँजासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

धरान-२० कार्कीछाप जंगलमा गाँजा लुकाई छिपाई राखेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले जंगलमा सर्च गर्ने क्रममा ओसार पसारमा संलग्न धरान-११ का २५ बर्षीय नकुल राई, २६ बर्षीय सानु राई र धरान-१८ का २० बर्षीय प्रज्वल भुजेल समेतलाई एक सय ८५ किलोग्राम गाँजा, धारीलो हतियार तरवार तीन थान, स्टिलको पाइप एक थानसहित नियन्त्रणमा लिएको हो ।

लागूऔषध गाँजासहित पक्राउ परेका उनीहरुको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसनधान भइरहेको छ ।

# बालबालिका भर्ना गर्ने कस्तो विद्यालय छान्ने ?






अर्जुनमोहन भट्टराई

विद्यालय निजी, सार्वजनिक गुठी आदि विभिन्न प्रकारका हुन्छन् । सरकारी वा निजी जसले सञ्चालन गरे पनि विद्यालयको ध्येय ज्ञान बाँड्ने नै हो । विद्यालयपिच्छे शुल्कको भिन्नता होला, तर उद्देश्यको दृष्टिबाट सबै विद्यालय एकै हुन् ।

संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)का अनुसार विद्यालय शैक्षिक सेवा प्रदान गर्ने केन्द्र हो जसले ज्ञान, सीप, आचरण, मूल्य, मान्यता हासिल गर्न र सिक्नमा सहज बनाउँछ । यसैले विद्यालयमा विद्यार्थीलाई स्वःस्फूर्त आनन्द महशुस गर्ने, ज्ञान प्राप्त गर्ने, समानुभूति अनुभव गर्ने वातावरण हुनुपर्छ । विद्यालयहरू सुविधासम्पन्न महँगो, कडा, फितलो, सस्तो, अतिरिक्त क्रियाकलापमा जोड दिने, सबै क्षेत्र समेट्ने तर विशिष्टता नभएको, भौतिकरूपमा विपन्न आदि प्रकारका हुन्छन् । धार्मिक आस्था जोडिएका विद्यालयहरू केही फरक किसिमका हुन्छन् ।

**अभिभावक**

बालबालिकाको पालनपोषण, संरक्षण, हित गर्ने बाबु, आमा वा अन्य कोही नातेदार वा अरू जो भए पनि बालबालिकाकाका लागि सबैथोक अभिभावक हो । कानुनी तथा सामाजिकरूपमा बालबालिकाको लागि अभिभावक जिम्मेवार हुन्छन् ।

अभिभावक धेरै प्रकारका छन्- बेफुर्सदिला, कामकाजी, शिक्षित, अशिक्षित, बुज्रुक, समझदार र प्रतिबद्ध । समयको दबाबले बालबालिकालाई समय दिन नसक्नेले बालबालिकालाई छात्रवासमा भर्ना गर्छन् । उनीहरूको सोच विद्यालयलाई शुल्क बुझाएपछि आफ्नो जिम्मेवारी पूरा हुन्छ भन्ने देखिन्छ ।

अर्काथिरी समझदार अभिभावक विद्यालय शिक्षक, बालबालिका र अभिभावक मिलेर बालबालिकालाई राम्रो शिक्षा दिन सकिन्छ भन्ने सोच राख्छन् । कोही अभिभावक अनपढ, अशिक्षित हुन्छन् र पनि बालबालिकाले धेरै सिकुन्, जानुन्, बुझुन्, ठूलो मानिस बनुन् भन्ने चाहन्छन् । यद्यपि, उनीहरू असल सोच हुँदाहुँदै पनि हरेक ठाउँमा चुकेका हुन्छन् । सही विद्यालय चयन, समयानुकूल बालबालिकालाई सुझाव सल्लाह दिन आदि ।

कोलोनीमा बस्ने, डिपार्टमेन्ट स्टोरबाट किन्ने, अनलाइनबाट पैसा तिर्ने, पिजा बर्गर खाने, एकल परिवारमा बस्ने, धर्म, परम्परा मूल्य-मान्यता, समुदायप्रति खासै चासो नदिने अभिभावकलाई विद्यालयको पनि पर्वाह हुँदैन । उनीहरू पैसा तिरेपछि कर्तव्य र दायित्व सकिएको ठान्छन् ।

**विद्यार्थी**

काग जस्तो चतुर, बकुल्लो जस्तो एकाग्र, कुकुरको जस्तो निद्रा, थोरै खाने र घर छाड्ने लक्षण भएका विद्यार्थी आजको युगमा बिरलै भेटिन्छन् । तर, अहिले पनि अब्बल विद्यार्थीले नै विश्व हाँकेका छन् । युग कालसँगै शिक्षक तथा विद्यार्थीको भूमिकामा परिवर्तन भएको छ । आजकलका विद्यार्थिहरू कम समय, कम लगाव र साधनामा बढी सिकाइ चाहन्छन् । सहज सिकाइ उनीहरूको रोजाइमा पर्छ । विद्यालयले यो कुरा मनन गर्नुपर्छ ।

**शिक्षक**

शिक्षक विद्यार्थीलाई शिक्षण अभ्यास मार्फत् ज्ञान, योग्यता, सद्गुण हासिल गर्न मद्दत गर्ने व्यक्ति हो । आजका शिक्षकमा भने यो गुण छैन । सबै क्षेत्र मुद्रा केन्द्रित रहेपछि शिक्षण पनि अछुतो रहने कुरै भएन । कोचिङ, ट्यूसन, गेस पेपर, गाइड जस्ता अभ्यासहरू आए ।

**शिक्षण र सिकाइ**

मरिया मन्टेसरीको भनाइमा शिक्षाको उद्देश्य सबै बालबालिकाको क्षमता विकास हुनुपर्छ । शिक्षण विधि एउटा कला हो र यसको प्रयोग गर्न प्रतिभा चाहिन्छ । बालबालिका फूल रोप्ने गमला होइनन् बरु निरन्तर बग्ने झरना हुन् । बालबालिकालाई वयस्कजस्तो व्यवहार नगरी सधै सपष्ट र सरल भाषामा बुझाउनुपर्छ ।

शिक्षण र सिकाइ दुवै कार्यमा विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयको भूमिका महत्त्वपूर्ण हुन्छ । झट्ट हेर्दा विद्यालय सबैथोक जस्तो लागे पनि विद्यार्थी नै प्रमुख हो । तसर्थ, सिकाइमा विद्यार्थी तयार गरेपछि मात्र शिक्षण शुरु हुन्छ । विद्यार्थी तयार गर्न अभिभावकको मुख्य भूमिका हुन्छ । विद्यार्थी तयार भएपछि मात्र विद्यालय शिक्षण सिकाइको कुरा आउँछ । यसकारण पनि विद्यालय प्रमुख हो, तर महँगो विद्यालय नै 'रामवाण' भने होइन । कमजोर तथा मध्यम बच्चाहरूका हकमा भने विद्यालयको पनि खास भूमिका हुन्छ ।

**विद्यालय छनोट कसरी गर्ने ?**

हामी मध्ये केही राम्रो विद्यालय खोज्न घरदेखि टाढा पुग्छौं । कसैले महँगो विद्यालय छान्छौं । कोही छिमेकीको बच्चा पढ्ने ठाउँमा जान्छौं । मानव मनोविज्ञान न हो अच्चमको हुन्छ । विद्यालय छनोटका आधार के-के हुन् ? कस्तो विद्यालय किन राम्रो ? राम्रो हुनुका आधार के-के हुन् ?

सर्वप्रथम हाम्रो बच्चा कस्तो छ ? हाम्रो पारिवारिक स्थिति कस्तो छ ? हाम्रो आर्थिक कस्तो छ ? हाम्रो घर कुन स्थानमा छ ? यी सबै कुरा विचार गरेर मात्र विद्यालय छनोट गर्नुपर्छ ।

विद्यालय छनोटमा मननीय पक्षमा विद्यालय शुल्क, घरदेखि विद्यालयसम्मको दूरी, नयाँ विद्यालय, पुरानो विद्यालय, शिक्षकशिक्षिकाको संख्या, खेल मैदान, भौतिक पूर्वाधार, कक्षा कोठा, पुस्तकालय, शौचालय, अतिरिक्त क्रियापलाप आदि हुन् ।

**विद्यालय छनोटमा देखिएका समस्या**

विद्यालय छनोटमा आफन्तको सुझाव, साथीभाइको संगत, महँगोलाई गुणस्तरीय सोच्नु, विद्यालयको भौतिक पूर्वाधारमा लोभिनु, विज्ञापनको प्रभाव, सम्पत्तिको रवाफ, छिमेकीलाई देखाउन, विद्यालय छनोटमा समय नदिनु, ज्ञानको कमी, अङ्ग्रेजी मोह र झुकाव आदि समस्या देखिएका छन ।

उपसंहार

विद्यालय छनोट गर्दा शैक्षिक विषय अर्थात् सिकाइ, अध्ययन, अध्यापनलाई मूल आधार बनाउनुपर्छ । साथै जीवनोपयोगी ज्ञान, अतिरिक्त क्रियाकलाप यसको अर्को गहन पक्ष हो । आजको युगमा सबैले पढेर जागिर खानै पर्छ भन्ने छैन । तसर्थ अन्य सीप, कलातर्फ पनि ढल्किनुपर्छ ।

ज्ञान, अनुशासन, मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, शिष्टता, नम्रता, आचरणजस्ता नैतिक मूल्य पनि विद्यालयले दिन सक्नुपर्छ । यस्ता विद्यालय छनोट गरेमा अभिभावकहरूले पछुताउन पर्दैन ।

# विद्यालयमा खाजा र यसको प्रभाव



लक्ष्मीराज दाहाल




आजको व्यस्त समाजका बाबुआमाले आफ्ना नानीहरूका लागि विद्यालय पठाउँदा खाजाको रुपमा प्लास्टिकको प्याकभित्र महिनौंदेखि बन्द भएका चाउचाउ, लेज, कुर्मुरे-कुरकुरे, चिजबल, गोलमोल, फ्रुटी-रियो लगायत नाम भएका अन्य अनेकौं पदार्थहरू बजारबाट किनेर बढो प्रेमपूर्वक खुशी तुल्याउँदै भोलि त्यस्तै किसिमको अर्को किनेर दिने बाचासहित विद्यालय पठाउनुहुन्छ ।

कतिपय अभिभावकहरू यस्ता खाद्यवस्तुहरू हानिकारक छन् भन्ने जान्दाजान्दै पनि दिएर पठाउनुहुन्छ भने कतिपयलाई भने महँगो छ । त्यसैले राम्रो होला बच्चाहरूले रुचाएर खान्छन् भन्ने पनि ला ग्छ । यस्ता वस्तुले के-कति हानी गर्छ भन्ने नापतौल गर्ने साधन र यन्त्र न त घरमा अभिभावकसँग छ न विद्यालयसँग तर पनि यी हानिकारक छन् भन्ने ठहर चाहिँ चिकित्सकको पनि र विद्यालयको पनि रहेको छ ।

यस्ता खानाले अखाद्य पदार्थहरूले शरीरका विभिन्न प्रणालीमा असर गरिरहेको हुन्छ । खासगरी उत्सर्जन र प्राचन प्रणालीमा यस्ता महिनौं वर्षौंदेखि प्याक भएका जसले मानव जीवनमा प्रत्यक्ष रूपमा नराम्रो असर गर्छ त्यस्ता खानालाई जंकफुड भनेर एक अमेरिकी खाद्य विशेषज्ञले सन् १९७२ मा अंग्रेजी नाम दिएका थिए । यस्ता खाद्यवस्तुले शरीरमा के-कति र कसरी असर गरिरहेको छ भन्ने कुरा न त हेरेर थाहा हुन्छ न डाक्टरी जाँचबाटै सबै कुरा पत्ता लाग्छ । सबै कुरा मन्द विषको रूपमा शरीरमा काम गरिरहेको हुन्छ ।

क्रमिक रुपमा यसले शरीरको आन्तरिक गतिविधि लगायत विभिन्न प्रणालीमा पनि असर पुऱ्याइरहेको हुन्छ । आज-भोलि भने स्वास्थ्य सम्बन्धीको जनचेतनाको कारणले विद्यालयले यस्ता खाद्यवस्तुलाई विद्यालय हाताभित्र बन्देज लगाएकाले चेतनशील अभिभावकहरू यस विषयप्रति चिन्तित देखिन थालेको पाइन्छ ।

तीन चार दशकअघिसम्म जहाँ निजी विद्यालयहरू त्यति धेरै थिएनन् र सरकारी विद्यालयमा खाजा खाने प्रचलन नै थिएन । हाल आएर जब निजी विद्यालयहरू प्रशस्त भए, आमाबाबु व्यस्त भए, अभिभावक कामकाजी भए र आफ्ना नानीहरूलाई सानै उमेरमा विद्यालय पठाउन थालियो र नानीहरू विद्यालय जान नमान्ने रुने कराउने गर्न थालेकाले आफ्ना नानीहरूलाई मनपर्ने मिठाई खाजा आदि किनेर वा बनाएर पठाउन थालेपछि खाजाको लोभले बच्चा विद्यालयमा बस्न थाले र खाजाको प्रचलन पनि यसरी स्थापित हुन पुगेको हो र अहिले यो एउटा नियमित रुटिनभित्र पर्न गयो ।

निजी विद्यालयको शुरुवाती दिनहरूमा खाजामा आमा-दिदी-दाजु-बाबुहरूले पुरी-रोटी-चना-चिउरा-भुटीभात-सेलरोटी-मकै-भटमास पठाउने गरेको पाइन्थ्यो र त्यतिबेला बजारमा बन्द खानाको त्यति व्यापकता पनि थिएन भने अहिले बजारमा तयारी खाजाको रुपमा खाद्य-अखाद्य पदार्थको व्यापकताले आमाहरूमा अल्छिपना विकास भएर खाना बनाउने नयाँ सीप र जागरमा समेत अवरोध आइरहेको छ । घरमै निर्मित खानाहरूमा घरका अभिभावक आमाबुबा-दाइ-दिदीको मेहनत परिश्रम सीप र सिर्जना लाग्ने भएकाले खाजाको माध्यमबाट एक-आपसमा माया प्रेम सद्भाव गाढा हुने हुन्छ भने बजारबाट लिएको खाजामा त्यो प्रेम पाइँदैन ।

खानाले मानव जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ । साधा सात्विक खानाले मानवलाई गुणी, शान्त स्वभाव विचारशील विवेकी बनाउँछ भने तामसी खानाहरू जस्तो माछा, मासु, चिल्लो-पिरो मरमसला भएको तारेको खानाहरू जाँड रक्सी आदिले मस्तिष्कलाई उत्तेजित तुल्याउने र मानवलाई हिंम्रक झगडालु रिसाहा क्रोधी अनियन्त्रित बनाउने गर्दछ ।

त्यसैले आजभोलि समाजमा विभिन्रुन खालका अमर्यादित असामाजिक क्रियाकलाप हुने गरेको पाइन्छ । यस्ता खानाले मानव जीवनको विभिन्न आचरण बानी व्यवहारलाई प्रत्यक्ष-अप्रत्यक्ष असर गरिरहेको हुन्छ यति मात्र नभई बजारमा पाइने यस्ता तयारी खाना हरूमा मिश्रित विभिन्न रसायनले इन्टेस्टाइनल क्यान्सर अपच हड्डी कमजोर गराउने जस्ता विकारहरू हुन सक्छ र बालबालिका को आचरणमा बानी व्यवहारमा नै परिवर्तन भई घरमा आमाबुबा-दाजुभाइ-दिदीबहिनीसँग विद्यालयमा शिक्षकसँग झनक्क रिसाउने झर्कने गरेको पनि देख्न थालेको पाइन्छ ।

तयारीरूपमा पाइने यस्ता खाले खाद्यपदार्थको प्रयोगले वातावरणलाई पनि त्यत्तिकै रूपमा फोहोर र दुर्गन्धित बनाइरहेको हुन्छ । जुनसुकै चोक गल्ली सडकको छेउछाउ घर टोल बस्तीको छेउछाउ हेऱ्यो तिनै तयारी खानाको पोको पार्ने प्लास्टिकका खोलहरू भेटिन्छन्, जुन न त कुहिएर माटोमा मिल्छ न त पुनः प्रयोग गर्नेतर्फ कसैको ध्यान पुगेको छ ।

सरकारी निकायहरू जसले यस्ता फोहरहरू डिस्पोज गर्छन् ती संस्थाहरूलाई पनि धेरै समस्या परेको देख्रुन सुन्रुन पाइन्छ । जहाँ ती प्लास्टिक ऱ्यापरहरू कुहिन हजारौं वर्ष लाग्छ । त्यही खेतबारी कान्लापाखा माटोमुनि पुरिन गई सूर्यको ताप सोहोरेर माटोको तापक्रममा समेत वृद्धि गरी बालीको उत्पादनमा समेत ह्रास आउनुको साथै माटोको माइक्रो ओर्गानिजम पनि मारिरहेको छ । यसरी यस्ता खाद्यवस्तुले मानव स्वास्थ्यसँग विभिन्न दृष्टिकोणबाट असर गरिरहेको छ । त्यसैले यसतर्फ सबैको ध्यान जरुरी छ ।

# शिक्षक महासंघमा खरेल निर्वाचित




**झापा, बैशाख ६।** शिक्षकहरुको साझा संगठन नेपाल शिक्षक महासंघ झापाको अध्यक्षमा नेत्रप्रसाद खरेल निर्वाचित भएका छन् ।

महासंघको दोस्रो जिल्ला अधिवेशनबाट नेपाल शिक्षक संघका पूर्व अध्यक्ष समेत रहेका खरेल अध्यक्षमा निर्वाचित भएका हुन् । नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले तोकेको प्रतिनिधि तथा जिल्ला निर्वाचन समितिका संयोजक निर्मला कोइरालाको संयोजकत्वमा निर्वाचन समिति गठन भएको थियो ।

सोही निर्वाचन समितिले महेन्द्ररत्न माध्यमिक विद्यालयमा नयाँ समिति घोषणा गरेको हो । महासंघले निर्धारण गरेको आचारसंहिता र कार्यविधि अनुसार विभिन्न शिक्षक घटकहरुबाट नयाँ समिति गठन गरिएको निर्वाचन समितिकी संयोजक कोइरालाले बताइन् । उनले फागुन २२ गते जिल्लाका १५ वटै पालिकामा महासंघको एकाइ गठन भइसकेको र यही बैशाख १० गतेदेखि काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्नुपर्ने भएकाले सबै शिक्षक संघ संगठनसँगको सल्लाहमा महासंघको जिल्ला नेतृत्व गठन गरिएको जानकारी दिइन् ।

महासंघको जिल्ला नेतृत्व चयन भए पनि सबै संगठनहरुले नाम नदिएका कारण समितिले पूर्णता पाइसकेको छैन । हालसम्म सहअध्यक्षमा विश्वनाथ राजवंशी, सहसचिवमा टिकाराम खवास, सहसचिव (महिला) शारदा प्रसाई पाठक रहेका छन् ।

त्यस्तै सदस्यहरुमा रत्नबहादुर कटुवाल, मित्र खनाल, शाहिद हुसैन, कुमारीउषा अधिकारी, सोमनाथ गुरागाँई र प्रकाशचन्द्र गौतम चयन भएका छन् । त्यस्तै संस्थागत सहसचिवमा राजेन्द्रप्रसाद प्रसाई र विष्णुप्रसाद भट्टराई रहेका छन् भने राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा महेन्द्र विलास लुइटेल, धर्मानन्द निरौला, हरि सुवेदी, इन्दिरा कँडेल चुडाल, सरिता चेम्जोङ, प्रदेश महाधिवेशन प्रतिनिधिमा लेखनाथ पौडेल, हरि पोखरेल, जीतलाल चौधरी, गोविन्द काफ्ले, लक्ष्मण राजवंशी र गीतासरी राजवंशी चयन भएका छन् ।

निर्वाचन समिति संयोजक निर्मला कोइरालाको अध्यक्षता तथा शिक्षक महासंघको राष्ट्रिय समितिका पदेन सदस्य रमाकान्त चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । नेपाल शिक्षक संघका अध्यक्ष तोयानाथ दाहाल, एकीकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष रविन्द्र मैनाली, नेपाल शिक्षक परिषदका अध्यक्ष टंक कटुवाल, प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक गठनका अध्यक्ष ज्ञानेन्द्र ढुंगाना, संघीय शिक्षक फोरमका अध्यक्ष सीताराम यादव, नेपाल विद्यालय कर्मचारी परिषदका अध्यक्ष चन्द्र प्रसाईले शुभकामना मन्तव्य राखेका थिए ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष द्रोणबहादुर श्रेष्ठ भने कार्यक्रममा अनुपस्थित रहेका थिए । रविन्द्र मैनालीले स्वागत गरेको कार्यक्रमको संचालन शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेलले गरेका थिए ।

## वैद्य समूहका कार्यकर्ताबाट गोली बरामद

**भोजपुर, बैशाख ६।** महिला माथि लुटपाट गरेको प्रकरणमा भोजपुरमा पक्राउ परेका वैद्य समूहका कार्यकर्ताबाट थप गोली र म्याग्जिन बरामद भएको छ ।

लुकाएर राखेको अवस्थामा थप २१ राउण्ड गोली र एउटा म्याग्जिन बरामद भएको भोजपुर प्रहरी प्रमुख डीएसपी सुदीपराज पाठकले जानकारी दिए । मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)का कार्यकर्ता भोजपुरको टेम्केमैयुङ गाउँपालिका-१ तिम्माका ३७ वर्षीय सुमित भनिने सुमत परियार हतियार र गोलीसहित पक्राउ परेका थिए । अपराधिक पृष्ठभूमिका परियार माथि डीएसपी पाठककै नेतृत्वमा थप अनुसन्धान भइरहेको छ ।

इलाका प्रहरी कार्यालय दिंलाका इन्सपेक्टर कैलाशकुमार अधिकारी नेतृत्वको टोलीले षडानन्द नगरपालिका-९ भुल्केस्थित जंगलबाट उनलाई पक्राउ गरेको थियो । पक्राउ परेका बेला सेमी अटोमेटिक पेस्तोल, म्याग्जिन, ११ राउण्ड गोली तथा महिलाबाट लुटपाट गरिएको नौ हजार ५० रूपैयाँ नगद र सुनका गरगहना बरामद भएको थियो ।

अनुसन्धानका क्रममा लुकाएर राखेको थप गोली र म्याग्जिन टेम्केमैयुङ-१ तिम्माबाट बरामद गरिएको डीएसपी पाठकले बताए । उनका अनुसार अझै पनि गोली लगायतका वस्तु लुकाएर राखेको हुन सक्ने आशंकामा अनुसन्धानको दायरा फराकिलो पारिएको छ । षडानन्द-२ की ५८ वर्षीया किपासाङ ल्हामु शेर्पामाथि हतियार देखाएर लुटपाट भएको थियो । पाठकका अनुसार षडानन्द-९ स्थित जुगे जंगलमा शेर्पाले लगाएको सुनका गरगहना र नगद लुटेर परियार फरार भएका थिए ।

## झापाका चार विद्यालयमा नतिजा निल

**झापा, बैशाख ६।** कक्षा ८ को परीक्षाफलले झापा गाउँपालिकाको शिक्षाको खस्किँदो स्तरलाई उदाङ्गो पारिदिएको छ ।

कक्षा ८ मा झापा गाउँपालिकाका चार वटा सामुदायिक विद्यालयको नतिजा निल भएको छ । त्रिभुवन, कुवाडी, महेन्द्र र सरस्वती माविको नतिजा निल भएको हो । त्रिभुवनका ४९, कुवाडीका ४१, महेन्द्रका ३६ र सरस्वतीका २३ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै जना फेल भएका छन् । त्यस्तै दुईवटा सामुदायिक विद्यालयले १० प्रतिशतभन्दा कम नतिजा ल्याएका छन् । जनता माविका ६५ जना विद्यार्थीहरूले परीक्षा दिएकोमा तीन जना मात्र उत्तीर्ण भएका छन् भने डिल्लीराज माविका ११ जना मात्र उत्तीर्ण भएका छन् जबकि सो विद्यालयका एक सय ३९ जना विद्यार्थीले परीक्षा दिएका थिए ।

त्यस्तै तीन वटा सामुदायिक विद्यालयले २० प्रतिशतभन्दा कम नतिजा ल्याएका छन् । जनकल्याण माविका ५१ जना विद्यार्थीले परीक्षा दिएकोमा ८ जना अर्थात् १५.६८ प्रतिशत, सिमलवारि माविका २९ जना विद्यार्थीले परीक्षा दिएकोमा चार जना अर्थात् १३.७९ प्रतिशत र भृकुटी माविका ४३ जना विद्यार्थीले परीक्षा दिएकोमा सात जना अर्थात् १६.२७ प्रतिशत उत्तीर्ण भएका छन् । रामजानकी माविले भने ४२.८५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको छ ।

विद्यालयका तर्फबाट १४ जना विद्यार्थीले परीक्षा दिएकोमा छ जना उत्तीर्ण भएका हुन् । निजी विद्यालयको परीक्षाफल पनि त्यति सन्तोषजनक छैन । आठ वटा विद्यालय परीक्षामा सहभागी भएकोमा चार वटाको मात्र परीक्षाफल सन्तोषजनक देखिएको छ । अन्य चार वटाको त्यति चित्तबुझ्दो रहेको छैन । चन्द्र ज्योतिले ८९.१८ प्रतिशत , गौतम बुद्धले ८८.८८ प्रतिशत, जय पाथीभराले ८७.५ प्रतिशत र साउथ होराइजनले ८४.६१ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएका छन् । राम्रो नतिजा नल्याउने निजी विद्यालयहरूमा वन्डरलाइफ ३१.२२ प्रतिशत, टाइनिटस ४५.४२ प्रतिशत, सेन्ट जेभियर ६० प्रतिशत र लोयलाले मात्र ६२.९६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण गराउन सकेका छन् ।

झापा गाउँपालिकाले कक्षा ८ को परीक्षा गराएको थियो । झापा गाउँपालिकाको शैक्षिक स्तर खस्किएको स्वीकार गर्दै शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालले यो नतिजाले शिक्षाको वास्तविक अवस्था उदाङ्गो पारिदिएको बताए । उनले अब गाउँपालिका, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक गम्भीर हुनुपर्ने आवश्यकता औंल्याए । कक्षा ८ मा दुई विषयसम्म अनुत्तीर्ण विद्यार्थीका लागि पालिकाले ग्रेड वृद्धि परीक्षा गर्ने भएको छ । झापा गाउँपालिकामा सामुदायिक, संस्थागत र परम्परागत गरी १९ वटा विद्यालय रहेका छन् ।

# खुलाल बस्नेतको नयाँ नेतृत्व चयन




**कनकाई, बैशाख ६।** खुलाल बस्नेत बन्धु समाज, धनञ्जय आश्रम कोटीहोम व्यवस्थापन समितिको अध्यक्षमा भीमबहादुर बस्नेत चयन भएका छन् ।

कनकाई-४, कोटीहोममा सम्पन्न समितिको २३औं वार्षिक साधारणसभाले बस्नेतको अध्यक्षतामा सर्वसम्मतरुपमा नयाँ नेतृत्व चयन गरेको हो ।११ सदस्यीय नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा योगेन्द्रबहादुर बस्नेत, सचिवमा ईश्वरीबहादुर बस्नेत र कोषाध्यक्षमा चन्द्रबहादुर बस्नेत चयन भएका छन् । त्यस्तै सदस्यहरुमा प्रदिप बस्नेत, अर्जुन बस्नेत, टंकबहादु बस्नेत, धनबहादुर बस्नेत, सुरेन्द्रबहादुर बस्नेत, उषा बस्नेत र मीना बस्नेत रहेको निर्वाचित समितिका संयोजक डेडराज बस्नेतले जानकारी दिए ।

त्यसैगरी लक्ष्मणबहादुर बस्नेत संयोजक तथा पदमबहादुर बस्नेत, केशरबहादुर बस्नेत(राधेश्याम), ठाकुर बस्नेत, रुद्रबहादर बस्नेत, रणबहादुर बस्नेत र तुलाराम बस्नेत सदस्य रहेको सल्लाहकार समिति गठन गरिएको छ । समितिका अध्यक्ष लक्ष्मण बस्नेतको अध्यक्षता तथा मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका उप-न्यायाधिवक्ता राजेन्द्रबहादुर बस्नेतको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सचिव तुलाराम बस्नेतले स्वागत गरेका थिए ।

कार्यक्रममा बन्धु समाजका एक वर्षभन्दा बढी उमेरका तीन जना ज्येष्ठ सदस्यलाई सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेहरुमा नैनामाया बस्नेत (१०७) राधादेवी बस्नेत (१०४) र तिलमाया बस्नेत(१०२)रहेका छन् । यस अघि पुरोहित याम खनालको नेतृत्वमा रुद्री, चण्डीपाठसहित कुलपूजा अनुष्ठान सम्पन्न गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि राजेन्द्रबहादुर बस्नेत, गौरादह नपा-४ का वडाध्यक्ष दुर्गामणी बस्नेत, सञ्चारकर्मी रत्नबहादुर बस्नेत लगायतले शुभकामना मन्तव्य राखेका थिए । अध्यक्ष लक्ष्मण बस्नेतले संस्थाको गतिविधि तथा तुलाराम बस्नेतले आयव्यय प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन भीमबहादुर बस्नेतले गरेका थिए ।

# विद्युत् उत्पादनको केन्द्र बन्दै ताप्लेजुङ



**ताप्लेजुङ, बैशाख ६।** ताप्लेजुङ जिल्ला विद्युत् उत्पादनको केन्द्र बन्दै गएको छ । यहाँको मुख्य नदी तमोरमा १६ वटा आयोजना निर्माणाधीन छन् ।

विद्युत् विभागका अनुसार तमोर नदीमा निर्माण हुने आयोजना १६ मध्ये १४ वटा फक्ताङलुङ गाउँपालिकामा निर्माणाधीन छन् । ती आयोजनाबाट एक हजार छ सय ५४ दशमलव ५१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

मिक्वाखोला गाउँपालिका हुँदै बग्ने मेवाखोलाबाट चार जलविद्युत् आयोजना निर्माणाधीन छन् । मेवाखोलामा निर्माण भइरहेका आयोजनाबाट एक सय ७८ दशमलव ४२ मेगावाट विद्युत् उत्पादन हुने छ । काबेली खोलामा चारवटा आयोजना निर्माण भइरहेका छन् । ती आयोजनाबाट ९५ दशमलव ४३ मेगावाट बिजुली उत्पादन हुनेछ ।

त्यसैगरी पालुङखोलामा निर्माणाधीन दुई आयोजनाबाट ५१ मेगावाट विद्युत् उत्पादन हुनेछ ।

सोना खोलामा हिमाली हाइड्रोपावरले नौ मेगावाट बिजुली उत्पादनका निम्ति प्रारम्भिक चरणका काम पूरा गरेको छ । सिदिङवा गाउँपालिका-१ इवा खोलामा तीनजुरे हाइड्रोपावरले चार दशमलव छ मेगावाट क्षमताको आयोजनालाई दूतगतिमा अघि बढाएको छ ।


उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :** ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**


बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*


सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **बैशाख ८ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको


**समय : बिहान ८:०० देखि ३:००**
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**बिर्तामोड नगर अस्पताल**
उपलब्ध सेवाहरू

बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि १२ बजेसम्म

नि:शुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा) हरेक दिन, २४ सै घण्टा

मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म

स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेबिजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।
बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।



## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

*प्रकाशित मिति : २०८१/०१/०६*

श्री धनबहादुर प्रधानको नाति छविलाल प्रधानको छोरा शरण प्रधान जिल्ला चारआली गाविस/नपा/मेनपा वडा नं. २ स्थायी ठेगाना भई झापा जिल्ला बिर्तामोड नपा वडा नं. ४ बस्ने ना.प्र.नं. ३००४११६६ (जारी भएको जिल्ला) भएको श्री शरण प्रधानको नाममा यस विकास बैंकको बिर्तामोड शाखा कार्यालयमा चल्ती/बचत/मुद्दती खाता नं. ०५२०१९००७०६४ मा रहेकोमा निजको मिति २०८०-११-२९ मा मृत्यु भएको र निज मृतक विष्णु धमलाको नाममा यस विकास बैंकमा रहेको माथि उल्लेखित खाताको रकम भुक्तानीको माग गर्दै झापा जिल्ला बिर्तामोड नपा वडा नं. ४ बस्ने मृतक शरण प्रधानका श्रीमती नाता पर्ने श्री विष्णु धमलाले मृतकको मृत्युदर्ता प्रमाणपत्र (दर्ता नं. २०१३०६३१००९९५-२ अन्य आवश्यक कागजातसहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री विष्णु धमलालाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited


ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अचानक धन लाभ हुनेछ, आज तपाईको मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय बलवान रहेको छ, अपरान्न पछि खानपानमा ध्यान दिनुहोला, साथीभाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनाले. मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।